# चिशंखुगढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

सेर्ना, ओखलढुंगा

कोशी प्रदेश, नेपाल

पत्र संख्याः २०८०/०८१

## सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८०/०८/२६)**

चिशंखुगढी गाउँपालिका र आँखा प्रतिष्ठान, जिल्ला सामुदायिक आखा केन्द्र, ओखलढुंगाको साझेदारीमा सञ्चालन गरिने ग्रामिण आँखा केन्द्र, सेर्नाका लागि सेवा करारमा तपसिलमा उल्लेखित पदमा कर्मचारी पदपूर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका ईच्छुक उम्मेदवारहरुबाट आवश्यक कागजात सहित सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) दिन भित्र कार्यालय समयमा रीतपूर्वक फाराम भरी दरखास्त पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| क्र. सं. | विज्ञापन नं. | पद | तह | माग पद संख्या | शैक्षिक योग्यता | दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १. | ०६/०८०/८१ | नेत्र सहायक | सहायकस्तर पाँचौं | १ (एक) | मान्यता प्राप्त शैक्षिक संस्थाबाट diploma in Opthalmic Science उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता नवीकरण भएको । | ७००/- |

१. **शर्तः** नेपाली नागरिक भएको तथा प्रचलित कानुनद्वारा अयोग्य नठहरिएको हुनु पर्नेछ ।

२. **दरखास्तको साथ पेश गर्नु पर्ने कागजातहरु :-** आवेदक स्वयम्ले प्रमाणित गरेको देहाय बमोजिम कागजातकरुको प्रतिलिपिहरु:

(क) नागरिकता प्रतिलिपि,

(ख) न्युनतम शैक्षिक योग्यताको प्रमाण पत्र प्रतिलिपि,

(ग) चारित्रिक प्रमाण पत्र तथा सम्बन्धित काउन्सिल दर्ता प्रमाणपत्र प्रतिलिपि,

(घ) कामसँग सम्बन्धित अनुभव भए सोको कागजात,

(ङ) तालिमको प्रमाण पत्र प्रतिलिपि,

(च) २ प्रति पासपोर्ट फोटो ।

३. **उमेर :-** दरखास्त दिने अन्तिम मिति सम्ममा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनु पर्नेछ ।

४. **दरखास्त दिने अन्तिम मितिः** २०८०।०९।११ गते कार्यालय समय भित्र दरखास्त दिन सकिनेछ ।

५. **दरखास्त दस्तुर :-** यस चिशंखुगढी गाउँपालिकाको कुमारी बैँक लिमिटेडमा रहेको आन्तरिक राजश्व खाता नं. **०९२००४८६२५४००००३** मा जम्मा गरी सक्कलै भौचर पेश गर्ने वा गाउँपालिकाको राजश्व शाखामा आम्दानी रसिद काटी नगद जम्मा गरेको सक्कल रसिद पेश गर्ने । (Account Name: **CHISANKHUGADI GAUPALIKA-ANTARIK RAJASHWO KHATA GA 1.1** )

६. **परीक्षाको किसिम, समय र स्थान :-** संक्षिप्त सूची तथा अन्तर्वार्ता (परीक्षा मिति,समय र स्थान संक्षिप्त सूचीमा प्रकाशन गरिनेछ तथा "चिशंखुगढी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७७" ले निर्धारण गरे बमोजिम स्थानीय र अनुभवी उम्मेदवारलाई प्राथमिकता दिइनेछ) ।

७. **दरखास्त पेश गर्ने स्थानः** चिशंखुगढी गाउँ कार्यपालिकाको कार्यालय, सेर्ना ओखलढुंगामा अथवा www.chishankhugadhimun.gov.np/vacancy मा उपलब्ध google form मार्फत पनि फारम भरी दरखास्त पेश गर्न सकिनेछ ।

८. **पारिश्रमिक तथा सेवा सुविधाः** प्रचलित कानून अनुसार सम्बन्धित तहको लागि तोकिए बमोजिम हुनेछ।

९. **कार्यविवरणः** पदिय जिम्मेवारी बमोजिम तोकिएका कार्य ।

१०. **करार अवधिः** कार्यपालिकाको निर्णयानुसार ।

२०८०/०८/२६

थिर प्रसाद भट्टराई
नि. प्रमुख प्रशासकीय अधिकृत

थिर प्रसाद भट्टराई
नि. प्रमुख प्रशासकीय अधिकृत

*द्रष्टव्यः- अन्य थप जानकारीका लागि चिशंखुगढी गाउँ कार्यपालिका कार्यालयको फोन नं. ९८५२८५५५७१ मा सम्पर्क गर्न सकिनेछ । साथै दरखास्त दिन गाउँपालिकाको website: www.chishankhugadhimun.gov.np/vacancy मा जानकारी लिन सकिनेछ ।*